मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ६९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत १२ गते बिहीबार ❑ 26 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## फागुन २१ गतेको निर्वाचन मानक: प्रधानमन्त्री कार्की

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

प्रधानमन्त्री सुशीला कार्कीले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ सम्पन्न गराउने क्रममा निर्वाचन आयोगले कायम गरेको मानक आगामी निर्वाचनमा पनि यथावत् हुँदै जानुपर्नेमा जोड दिनुभएको छ।



प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ सम्पन्न भएको अवसरमा निर्वाचन आयोग नेपालले बुधबार बहादुरभवनस्थित कार्यालय परिसरमा आयोजना गरेको जलपान समारोहमा प्रधानमन्त्री कार्कीले देशभरका कुनै पनि मतदान केन्द्रमा पुनःमतदान गर्नु नपर्ने र शान्तिपूर्ण रुपमा निर्वाचन सफल भएको मानक आगामी निर्वाचनमा पनि यथावत् राख्नुपर्ने बताउनुभयो।"यसपटककोनिर्वाचनले अन्तराष्ट्रियस्तरमा नेपालको छवि राम्रो भएको छ, यसबाट नेपालप्रतिको सम्मान बढेको छ, यो निर्वाचनले संवैधानिक प्रणाली र लोकतान्त्रिक मूल्य मान्यतालाई संरक्षण गरेको छ, यसबाट लोकतन्त्रको संवर्द्धन पनि भएको छ", प्रधानमन्त्री कार्कीले भन्नुभयो।

गत भदौ अन्तिम साता आफू प्रधानमन्त्रीमा नियुक्त हुँदा कानुनी र राजनीतिक शून्यता, सुरक्षा संवेदशीलता भएको स्मरण गर्नुहुँदै उहाँले त्यो अवस्थाबाट निर्वाचन सम्पन्न गराई लोकतान्त्रिक मूल्य मान्यतालाई लिकमा अघि बढाइएको बताउनुभयो। सुरुका दिनमा निर्वाचन चुनौतीपूर्ण रहे पनि आयोगको अठोट र सरकारको सहयोगले सम्भव भएको कार्यक्रममा प्रधानमन्त्री कार्कीले जानकारी गराउनुभयो। निर्वाचन घोषणा भएपछि जारी गरिएको अध्यादेशअनुसार करिब १० लाख युवा मतदाताले उत्साहपूर्ण रुपमा मतदाता नामावलीमा नाम लेखाइ निर्वाचनमा सहभागी भएर जनप्रतिनिधि चुनेको प्रधानमन्त्री कार्कीले बताउनुभयो। स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचन सम्पन्न गरेकामा उहाँले आयोगलाई धन्यवाद दिनुभयो।

## सहज सेवाप्रवाह गरेर कर्मचारीतन्त्रले नागरिकको मन जित्न सक्नुपर्छ: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले सहज, सरल र प्रभावकारी तवरले सेवाप्रवाह गरेर कर्मचारीतन्त्रले नागरिकको मन जित्नुपर्ने बताउनुभएको छ।

प्रदेश लोक सेवा आयोग गण्डकीको पाँचौं वार्षिकोत्सव समारोहमा प्रमुख अतिथि भट्टले कर्मचारीतन्त्रले जबसम्म नागरिकका निम्ति सहज पहुँच दिन सक्दैन, तबसम्म जनता खुशी हुन सक्दैनन् भन्ने वास्तविकतालाई बिर्सन नहुनेमा जोड दिनुभयो।



'स्व–उत्प्रेरित, उच्च नैतिकवान, अनुशासित, जिम्मेवार र राष्ट्रप्रति सद्भाव भएका कर्मचारीले मात्र मुलुकमा प्रभावकारी रुपमा कार्यसम्पादन गर्न सक्दछन्' भन्ने यथार्थलाई हामीले बिर्सन हुँदैन।' उहाँले भन्नुभयो - 'वर्तमान समयमा सरकारी सेवाप्रति युवाहरुको बढ्दो आकर्षण, सूचना प्रविधिको तीव्र विकास तथा बढ्दो प्रतिशर्पधाजस्ता विषयलाई सम्बोधन गर्दै आयोगले आफूलाई थप सबल तथा अद्यावधिक गर्नु आजको टड्कारो आवश्यकता हो।' चुस्त व्यवस्थापकीय क्षमतायुक्त 'इमान्दार' कर्तव्यनिष्ठ र विषयगत दक्षतासहितका जनशक्ति विकासका लागि आवश्यक तालिम तथा अभिमुखीकरण र

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## राष्ट्रपति पौडेलद्वारा प्रतिनिधिसभाका ज्येष्ठ सदस्य केसीलाई शपथ

**रासस**
काठमाडौं, ११ चैत

राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभाका नवनिर्वाचित ज्येष्ठ सदस्य अर्जुनरसिंह केसीलाई पद तथा गोपनियताको शपथ गराउनुभएको छ। राष्ट्रपति कार्यालयमा बुधबारआयोजित विशेषसमारोहमाराष्ट्रपतिपौडेलले उहाँलाई पद तथा गोपनियताको शपथ गराउनुभएको हो।



समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधान न्यायाधीश प्रकाशमान सिंह राउत, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल उपस्थित हुनुहुन्थ्यो। यसैगरी समारोहमा मन्त्री, नव निर्वाचित सांसद, संवैधानिक निकायका प्रमुख, नेपाल सरकारका विशिष्ट श्रेणीका अधिकृत, सुरक्षा निकायका प्रमुखलगायत उपस्थित हुनुहुन्थ्यो। गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनपछि संसद् बैठक आह्वान गर्ने तयारी भइरहेको छ।

यसैको तयारीका लागि बुधबार प्रतिनिधिसभाका ज्येष्ठ सदस्य केसीले शपथ लिनुभएको हो। उहाँ ७८ वर्षका हुनुहुन्छ। सङ्घीय संसद् सचिवालयका अनुसार भोलि बिहीबार ज्येष्ठ सदस्य केसीले प्रतिनिधिसभाका नवनिर्वाचित बाँकी २७४ जना सदस्यलाई शपथ गराउनुहुनेछ। नयाँ सभामुखको निर्वाचन नभएसम्म ज्येष्ठ सदस्य केसीले संसद् बैठकको अध्यक्षता गर्नुहुनेछ।

## एघार दिनमै बढ्यो पेट्रोलियम पदार्थको मूल्य

**रासस**
काठमाडौं, ११ चैत

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ।

पछिल्लो पटक मूल्य वृद्धि गरेको ११ दिन नबित्दै निगमले बुधबार मध्यरातदेखि लागू हुने गरी डिजेल/मट्टितेल र पेट्रोलको मूल्यमा प्रतिलिटर १५ रुपैयाँ वृद्धि गरेको छ। यसअघि निगमले यही चैत १ गते पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको थियो।

निगमले पेट्रोलको मूल्य पहिलो वर्गमा प्रतिलिटर १८४ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १८६ रुपैयाँ र तेस्रो वर्गमा १८७ रुपैयाँ तथा डिजेल/मट्टितेलको मूल्य पहिलो वर्गमा प्रतिलिटर १६४ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १६६ रुपैयाँ र तेस्रो वर्गमा १६७ रुपैयाँ तोकेको छ। मूल्य समायोजनसँगै काठमाडौँमा पेट्रोलको मूल्य प्रतिलिटर १८७ रुपैयाँ पर्ने भएको छ। निगमले पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज, दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौँ, पोखरा र दिपायल डिपोलाई तोकेको छ। अन्तरराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढिरहेकाले स्थानीय बजारमा पनि मूल्य बढाउनुपरेको निगमले स्पष्ट पारेको छ।

## निर्वाचन लोकतन्त्रको मेरुदण्ड : राष्ट्रपति

**रासस**
काठमाडौं, ११ चैत

राष्ट्रपति रामचन्द्र पौडेलले निर्वाचनमार्फत जनताले प्रकट गरेको अभिमतले जनप्रतिनिधिको काँधमा ठूलो दायित्व आएको बताउनुभएको छ।

निर्वाचन आयोग नेपालद्वारा आज आयोग परिसर बहादुर भवनमा आयोजित जलपान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले स्वतन्त्रता, सामाजिक न्याय, सुशासन, विकास र मुलुकको समृद्धिका लागि सबैले एकजुट भएर काम गर्नुपर्छ भन्नुभयो। "निर्वाचनमार्फत जनताले प्रकट गरेको स्वतन्त्रता, सामाजिक न्याय, सुशासन, विकास र मुलुकको समृद्धिका लागि एकजुट भएर काम गर्नुपर्ने दायित्व अब जनप्रतिनिधिको काँधमा आएको छ, लोकतन्त्रमा मत फरक हुन सक्छन्, तर राष्ट्र निर्माणको साझा लक्ष्यमा सबै नेपालीको एउटै मत हुनेछ भन्ने मैले विश्वास लिएको छु", उहाँले भन्नुभयो। सो अवसरमा राष्ट्रपति पौडेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्रले लक्षित गरेको जनताको जीवनस्तर माथि उठाएर मुलुकलाई समृद्ध बनाउने काममा एकजुट भएर लाग्न सबैमा हार्दिक आह्वान पनि गर्नुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो "लोकतन्त्रले प्रदान गरेको आफ्ना प्रतिनिधि चुन्ने अधिकारको प्रयोग गरी यो महान् उत्सवमा नेपाली नागरिकले देखाउनुभएको उत्साहपूर्ण सहभागिताले हाम्रो लोकतान्त्रिक प्रणालीप्रतिको अटुट विश्वासलाई पुनः पुष्टि गरेको छ, यसले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ तुल्याएको छ, मतदाताले मतदान केन्द्रसम्म पुगेर व्यक्त गर्नुभएको मतादेशले मुलुकको भविष्यलाई दिशानिर्देश गरेको छ।" आयोगले यस पटक निर्वाचनमा मतदाताको सहभागिता बढाउने, मितव्ययिता र पारदर्शिता कायम गर्ने, आचारसंहिताको प्रभावकारी कार्यान्वयन गर्ने, हरित निर्वाचनको अवधारणा कार्यान्वयन गर्नेलगायतका क्षेत्रमा उल्लेखनीय कार्य गरेको उहाँले बताउनुभयो। राष्ट्रपति पौडेलले भन्नुभयो "यसले निर्वाचनलाई कम खर्चिलो, स्वच्छ, निष्पक्ष, विश्वसनीय र वातावरण मैत्री बनाउन मद्दत पुगेको छ, निर्वाचनले अन्तरराष्ट्रिय समूहबाट समेत प्रशंसा बटुल्न सफल भएको मैले महसुस गरेको छु।"

## कालिका पब्लिक कलेजमा परिवार नियोजनको अभियान


**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

नेपाल परिवार नियोजन संघ कास्की शाखाले यौन तथा प्रजनन् स्वास्थ्य सचेतना अभियान जारी राखेको छ।

२४ वटा विद्यालय तथा कलेजमा अभियान संचालन गर्ने लक्ष्य सहित सुरु गरिएको अभियान १३ वटा विद्यालय तथा क्याम्पसमा पुगेको सभापति नवीन सिग्देलले जानकारी दिनुभयो। पछिल्लो समय पोखरा महानगरपालिका वडा नं १० रामबजार स्थित



कालिका पब्लिक कलेजमा अभियान संचालन गरिएको छ। कार्यक्रमको शुभारम्भ पोखरा महानगरपालिका वडा नं १० का वडा सदस्य पूर्णचन्द्र न्यौपानेले गर्नुभएको थियो। कार्यक्रममा नेपाल परिवार नियोजन संघ कास्कीका कोषाध्यक्ष विष्णु प्रसाद दाहाल, बरिष्ठ शाखा प्रवन्धक नव राज तिवारी, स्टाफ नर्स अनुषा भुजेल र कर्मचारी सुरज चौधरीले सहजिकरण गर्नुभएको थियो। नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रम बरिष्ठ शाखा प्रवन्धक नव राज तिवारीले संचालन गर्नुभएको थियो।



का.जि.द.नं. ५६/०५६    हु.नि.पो.द.नं. ०१/०७९/०८०    ❑ २०८२ चैत १२ गते बिहीबार

# पोखरेलीलाई 'कनेक्टिभिटी' सहज बनाउन पूर्वेलीको सुझाव

**पोखरापत्र संवाददाता**
गण्डकी, ११ चैत

पूर्वी नेपालका सहरमा पर्यटकहरूलाई पोखरा बोलाउन ' जाउँ है पोखरा' कार्यक्रमका साथ सोमबारदेखि निस्केको होटल सङ्घ नेपाल (हान) पोखराको टोलीलाई पूर्वी नेपालका व्यवसायीले ' कनेक्टिभिटी' सहज बनाउन आग्रह गरेका छन् ।




नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदी नेतृत्वको टोलीलाई वीरगन्जमा यहाँका पर्यटन व्यवसायी, उद्योग व्यवसायी एवं सञ्चारकर्मीले कनेक्टीभिटी सहज बनाउनका लागि आग्रह गरेका हुन् । पर्यटकका लागि हवाई एवं सडक सञ्जालको सहज पहुँच आवश्यक भएकाले उनीहरूले त्यसका लागि वातावरण बनाउन अपरिहार्य भएको बताए । मधेस प्रदेशका पूर्वमन्त्री ओमप्रकाश शर्मा विगतमा सञ्चालनमा आइसकेको पोखरा-सिमरा उडान रोकिनु दुःखद् विषय भएको बताउनुभयो । यस उडानलाई पुनः सञ्चालन गराउन आफ्नातर्फबाट पनि पहल गर्ने बताउँदै उहाँले यात्री अभाव हुँदा जहाज कम्पनीलाई हुने घाटा ब्यहोरेर भए पनि सरकार र निजी क्षेत्रबीचको सहकार्यमा उडान सुरु गर्नुपर्ने सुझाव व्यक्त गर्नुभयो । वीरगन्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिप्रसाद गौतमले नयाँ बन्ने सरकारले पर्यटन नीति सुधार गरे देशले आर्थिक समृद्धिमा फड्को मार्न सक्ने बताउनुभयो । सीमानाकामा भारतीय पर्यटकलाई तीन किलोमिटर दूरीमा सात ठाउँमा सुरक्षा जाँच गर्ने गरिएको भन्दै उहाँले असन्तुष्टि व्यक्त गर्नुभयो ।

भारतीय पर्यटक नेपाली पर्यटनको आधार बन्न सक्ने बताउँदै उहाँले कनेक्टिभिटी सहज बनाउनुका साथै आवश्यक पूर्वाधार विकासमा जोड दिनुपर्ने बताउनुभयो । नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका अध्यक्ष श्याम बञ्जाराले राज्यको नीतिगत त्रुटिका कारण पर्यटन व्यवसाय समस्यामा परिरहेको बताउँदै पर्यटनमैत्री नीति निर्माणमा जोड दिनुभयो । पर्यटनलक्षित पूर्वाधार विकाससँगै सहज कनेक्टिभिटी र पर्यटनमैत्री व्यवहार आवश्यक हुने उहाँको भनाइ छ ।

पत्रकार प्रणय शाहले पछिल्ला समयमा विभिन्न पूर्वाधार विकासका नाममा पोखराको प्राकृतिक सौन्दर्य प्रभावित बनिरहेको भन्दै त्यसतर्फ ध्यान दिन आग्रह गर्नुभयो । अर्का सञ्चाकर्मी सुरेश बिडारीले पोखराका पर्यटकीय सौन्दर्य फेवाताललाई बचाउन आग्रह गर्दै हिमालको संरक्षणका लागि पनि चासो दिनु आवश्यक हुने धारणा राख्नुभयो । आन्तरिक पर्यटन प्रवर्द्धनको मुख्य उद्देश्यका साथ २५ वर्षअघि सुरु गरिएको अभियानको निरन्तरतास्वरुप पूर्वी नेपालका वीरगन्ज, विराटनगर, इलाम र हेटौँडा यसपटकको अभियानमा समेटिएको सङ्घका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो । माओवादी द्वन्द्व, भूकम्प, नाकाबन्दी, कोभिड हुँदै बैंकको ब्याज र पश्चिम एसिया तनावका कारण नेपाली पर्यटन प्रभावित बनिरहेको उहाँले बताउनुभयो । विगतमा सञ्चालन भएर पनि रोकिन पुगेको पोखरा-सिमरा हवाई उडान सेवा पुनः सञ्चालन गर्नुपर्ने उहाँले आवश्यकता औँल्याउनुभयो । पोखराकाहोटलमारुछखर्बहाराहारी लगानी रहेको जानकारी दिँदै उहाँले पोखरा आउने पर्यटकमध्ये ४० प्रतिशत आन्तरिक पर्यटक रहने गरेको बताउनुभयो । यही चैत २९ देखि वैशाख १ गतेसम्म फेवातालको किनार लेकसाइडमा आयोजना हुने नयाँ वर्ष महोत्सवमा सहभागिताका लागि पूर्वेली नागरिकलाई निम्तो दिनु पनि आफूहरूको कार्यक्रमको उद्देश्य रहेको उहाँले बताउनुभयो । महोत्सवका अवसरमा पाहुनालाई होटलमा २५ प्रतिशतसम्म छुट प्रदान गरिने उहाँले बताउनुभयो ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले पोखरालाई उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउन बोर्डले व्यवसायीसँग सहकार्य गर्दै अघि बढिरहेको बताउनुभयो । ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले पोखरा र वरपरका उत्कृष्ट पदयात्रा गन्तव्यका बारेमा चर्चा गर्नुभयो ।

# माछापुच्छ्रे अध्यक्ष कप भलिबलमा शुक्लागण्डकीको विजय सुरुवात

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

माछापुच्छ्रे गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा माछापुच्छ्रेको केन्द्र-वडा ना।४,लाहाचोकमा बुधवार देखि चौथो माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिका स्तरीय पुरुष तथा खुल्ला महिला भलिबल प्रतियोगिता-२०८२ सुरु भएको छ ।

उद्घाटनको पहिलो खेल सुक्ला गण्डकी नगरपालिका तनहुँ र माछापुच्छ्रे गाउँपालिका निलो बिच भएको खेलमा निरन्तर तिन सेटले पछि पर्दै सुक्ला गण्डकीले विजय सुरुवात गरेको छ। आयोजकको खेल तालिका अनुसार दोस्रो खेल अन्नपूर्ण गाउँपालिका र पोखरा महानगरपालिका वडा ना।२३ बिच थियो तर आयोजकले तोकेको निर्धारित समयमा वडा २३ उपस्थित हुन नसक्दा अन्नपूर्ण गाउँपालिकालाई आयोजकले आगामी यात्राका लागि विजय घोषण गऱ्यो । महिला तर्फ पहिलो खेलमा आयोजक माछापुच्छ्रे निलो लाई एलिट भलिबल एकेडेमी,नदीपुर पोखराले सोझो ३ सेट जित्दै पछि पार्न सफल भयो । दोस्रो खेलमा शान्ता भलिबल ट्रेनिङ सेन्टरले माछापुच्छ्रे रातोलाई सोझो ३ सेट जित्दै पछि पार्दै आगामी यात्रा तय गऱ्यो । कार्यक्रमलाई उद्घाटन गर्दै



गाउँपालिका अध्यक्ष मीन बहादुर गुरुङले "खेलसँगै पर्यटन प्रवर्द्धन र पर्यटनसँगै संस्कार-संस्कृतिको जगेर्ना गर्न सकिने बताए । खेल अनुशासनको प्रतीक भएको उल्लेख गर्दै अनुशासनसहित खेल प्रस्तुत गर्दै उपाधि हात पार्न सहभागी सबै टिमलाई शुभकामना दिए । उपाध्यक्ष सीता अधिकारीले गाउँपालिकाले खेलकुदलाई महत्त्वपूर्ण प्राथमिकतामा राख्दै विभिन्न समयमा पालिकाभित्र विभिन्न विधाका प्रतियोगिता सम्पन्न गर्दै आएको बताइन। खेल अनुशासन र भाइचाराको महत्त्वपूर्ण माध्यम भएको उल्लेख गर्दै खेलकुदले समाजमा एकता र सद्भाव बढाउने विश्वास व्यक्त गरिन । कार्यक्रममा वडा नं. ४ का वडा अध्यक्ष मधुसूदन अधिकारीले पालिकाले खेलकुदका माध्यम बाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न वडामा खेलकुद प्रतियोगिता सञ्चालन गरेको स्मरण गर्दै चौथो अध्यक्ष कप भलिबल प्रतियोगिता लाहाचोक गाउँमा सञ्चालन गर्ने पाउँदा पर्यटन प्रवर्द्धन थप टेवा पुग्ने विश्वास व्यक्त गर्दै सम्पूर्णमा हार्दिकता साथ स्वागत व्यक्त गरे । माछापुच्छ्रे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशव सुवेदीको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत वडा न ४ का अध्यक्ष मधुसूदन अधिकारीले गरेका थिए भने सञ्चालन खेलकुद विकास समिति सदस्य सचिव हुम वा। गुरुङले गरेका हुन । माछापुच्छ्रे गाउँपालिका वडा नं।४ लाहाचोकको व्यवस्थापन र माछापुच्छ्रे गाउँपालिका भलिबल संघको समन्वयमा चैत्र ११ देखि १४ गते सम्म प्रतियोगिता चल्नेछ । पुरुष तथा महिला भलिबलमा विधागत उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाई कर, मिडिल ब्लकर, डिफेन्डर, सेटर सर्भर, उदयमान खेलाडी र प्रशिक्षकलाई पालिकाको लोगो अङ्कित खेलकुद पोसाक पुरस्कार प्रदान गरिने छ ।

# जनताका असीमित आकाङ्क्षालाई संसद् र सरकारले सम्बोधन गर्नुपर्छः ज्येष्ठ सदस्य केसी

**रासस**
काठमाडौं, ११ चैत

प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुनरसिंह केसीले निर्वाचनमा जनताबाट व्यक्त असीमित चाहना र आकाङ्क्षालाई संसद् र सरकारले सम्बोधन गर्न सक्नुपर्नेमा जोड दिनुभएको छ।

उहाँले बुधबार नै राष्ट्रपति रामचन्द्र पौडेलसँग पद तथा गोपनियताको शपथ लिनुभएको थियो । सिंहदरबारस्थित सङ्घीय संसद् सचिवालयमा पदबहालीपश्चात् प्रतिक्रिया दिँदै केसीले मुलुकको समग्र हितका पक्ष प्रतिपक्षलाई समेटेर गहन दायित्व पूरा गर्ने जिम्मेवारी सबैको भएको बताउनुभयो । "हामी सबैको साझा शत्रु भनेको गरिबी, रोग, भोक र कुशासन हो, त्यसका लागि संसद्ले प्रभावकारी भूमिका खेल्नुपर्छ । विसं २०१५ पछि जनताबाट प्राप्त उत्साहसहितको असीमित जनादेश छ, त्यसलाई रक्षा गर्नु संसद र सरकारको कर्तव्य हो", उहाँले भन्नुभयो, "म निष्पक्ष र पारदर्शीरुपले सभामुखको कार्यसम्पादन गर्नेछु, प्रत्येक सभामुखको कुर्सीमा रहेपछि देशको संविधान, संसद्को नियमावली, संसदीय अभ्याससहितका आधारमा 'रुलिङ' गर्नुपर्ने हुन्छ । म हरेक सांसदको विशेषाधिकारको रक्षकका रुपमा काम गर्नेछु।" गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनपछि नयाँ सरकार गठन र संसद्को अधिवेशन आह्वान गर्ने तयारी भइरहेका बेला ज्येष्ठ सदस्यले सभामुखको हैसियतमा जिम्मेवारी पाउनुभएको हो ।


# Career Opportunity

Pragati Secondary School, Pokhara-16, Batulechour, a school run with a vision to impart holistic education through 21st-century pedagogical approaches, invites interested and eligible candidates for the following posts.

| S.No | Subject | Level | Minimum Qualification | Req. No. |
|---|---|---|---|---|
| 1. | Nepali | Secondary | Masters | 1 |
| 2 | English | Basic Level (6-8) | Bachelor's or above | 1 |
| 3 | English | Basic Level (1-5) | +2 or above | 2 |
| 4 | Computer | Basic Level (6-8) | Bachelor's or above | 1 |
| 5 | Mathematics | Basic Level (6-8) | Bachelor's or above | 1 |
| 6 | All | Pre -Primary | +2 or above | 2 |

**Procedure:** Written test, Class Observation, Interview

- Salary & benefits: Attractive + Social Security Fund
- Desired personality traits: Learning attitude, Respect for the profession, Team ethics, Love for children
- Only short-listed candidates will be called for further processing.

Candidates are required to contact the front desk with supporting documents (CV, hand-written application, photocopies of citizenship card, academic certificates, work experience letter) or send via personal email to pragatischool.pokhara@gmail.com by **15th of Chaitra 2082.**

Principal
**Pragati Secondary School**
Batulechour-Pokhara, 16, Contact: 443204, 443338,9846027931
pragatischool.pokhara@gmail.com


# सहज सेवाप्रवाह...

उम्मेदवारको छनौट प्रणालीमा समय सापेक्ष सुधार गर्नेतर्फ आयोगको थप ध्यान जाने पनि उहाँले अपेक्षा गर्नुभयो । आगामी दिनमा आफूप्रतिको विश्वसनीयतालाई कायम राख्दै प्रदेश सरकार र नागरिक तह दुवैसँग सुमधुर सम्बन्ध र समन्वय कायम गरी आफ्नो निर्धारित लक्ष्य हासिल गर्ने कार्यमा आयोग लागिपर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो । प्रदेश प्रमुख भट्टले योग्यता, निष्पक्षता र स्वच्छताको मूल मन्त्रकासाथ लोकसेवा आयोगले प्रदेश कानुन बमोजिम प्रदेशका र प्रदेश भित्रको स्थानीय तहका कर्मचारीको भर्ना, छनोट र सिफारिसको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्दै आएकोमा खुशी पनि व्यक्त गर्नुभयो । 'सरकारी सेवामा प्रवेश गर्न चाहने आमनागरिकको आशा एवं भरोसाको केन्द्रका रुपमा लोकसेवा आयोग स्थापित भइसकेको छ।' उहाँले भन्नुभयो - 'निश्पक्षता र गुणस्तरीयतामा कुनै सम्झौता नगरीकन स्वतन्त्र निकायको रुपमा आफ्नो गरिमालाई अक्षुण्ण राख्नु चुनौतीपूर्ण काम हुँदाहुँदैपनि लोकसेवा आयोगले आफूलाई अब्बल सावित गर्दै अगाडि बढेको पाएको छु ।' मुलुकको स्थायी सरकारको रूपमा चिनिने निजामती प्रशासन र अन्य सार्वजनिक सेवाको क्षेत्रमा प्रतिभाशाली, दक्ष र योग्य जनशक्ति प्रवेश गराउने मुख्य जिम्मेवारीबोकेकोयसआयोगले राष्ट्रसेवामा सर्वसाधारणलाई आकर्षित गर्न र आमजनताको मन जित्न आयोग सफल भएको उहाँको भनाई छ ।

# मुक्तिनाथमा भक्तजनमैत्री पूर्वाधार निर्माण हुने

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ११ चैत

यहाँस्थित हिन्दू तथा बौद्ध धर्मालम्बीहरूको साझा धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिर परिसरमा भक्तजनमैत्री पूर्वाधार निर्माण हुने भएको छ।

सो मन्दिर परिसरमा रु पाँच करोडभन्दा बढीको लागतमा भक्तजनमैत्री पूर्वाधार निर्माण हुन लागेको हो । यसका लागि पुरातत्व विभागबाट चार वटा योजना स्वीकृत हुने तयारीमा छ । गत आर्थिक वर्ष २०८१/०८२ मा मुक्तिनाथ विकास समितिमार्फत पुरातत्व विभागमा पठाइएको भक्तजनमैत्री आठ वटा योजनामध्ये चार योजना पुरातत्व विभागबाट स्वीकृत हुन लागेको पुरातत्व विभागले जनाएको छ।

मुक्तिनाथ विकास समितिद्वारा पेस गरिएका आठ वटा योजनामध्ये चार वटा भक्तजनमैत्री पूर्वाधार योजनाहरू स्वीकृत हुन अन्तिम चरणमा रहेको मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले जानकारी दिनुभयो । समितिले पठाएका योजनामध्ये पहिलो पटक रु पाँच करोड १९ लाख लागत अनुमान गरिएका चार वटा योजना एकैसाथ स्वीकृत हुने अन्तिम चरणमा रहेको व्यवस्थापक भुसालको भनाइ छ । उहाँका अनुसार स्वीकृत हुने तयारीमा रहेका भक्तजनमैत्री योजनामध्ये ड्रेस चेन्जिङ हल, शौचालय, नयाँ भक्तजन परिक्रमा पथ र १०८ धारा मर्मत तथा स्तरोन्नति रहेका छन् । मुक्तिनाथ विकास समितिका प्राविधिक इन्जिनियर विनय थकालीका अनुसार मुक्तिनाथमा भक्तजनले १०८ धारा र स्नान कुण्डमा नुहाएपछि कपडा फेर्नका लागि 'ड्रेस चेन्जिङ' हल निर्माण गर्न रु दुई करोड २० लाख, सार्वजनिक शौचालय निर्माणमा रु एक करोड ३४ लाख, नयाँ परिक्रममा पथ निर्माणमा रु एक करोड ५७ लाख र १०८ धारा मर्मत तथा स्तरोन्नतिका लागि रु आठ लाख २२ हजार लागत स्टमेट गरी विभागमा पठाएको जानकारी दिनुभयो । यसैगरी समितिले पुरातत्व विभागमा पेस गरेका अन्य चार वटा योजना तत्कालका लागि अध्ययनको क्रममा रहेको इन्जिनियर थकालीले बताउनुभयो । उहाँले समितिले मुक्तिनाथमा अवस्थित शिव मन्दिर जीर्णोद्धार, आनी आवास गृह, मन्दिर कम्पाण्ड वाल निर्माण र 'भिआइपी कक्ष' र 'हाइअल्टिच्युड सिग्नेस सेन्टर' लगायतका योजना पुरातत्व विभागबाट स्वीकृतिका लागि पठाएको बताउनुभयो ।

मुक्तिनाथ विकास समिति लामो समयसम्म निस्क्रिय रहँदा मुक्तिनाथ मन्दिरमा भक्तजनले चढाएको भेटी रकम र आर्थिक सहयोग रकम खर्च हुन सकेको थिएन । आव २०८०/०८१ मा समिति पुनःगठन भएसँगै मुक्तिनाथ विकास समितिमा रहेको कोषको रकम खर्च गर्ने बाटो खुलेको हो । मुक्तिनाथ विकास समितिको कोषमा झन्डै रु १० करोड बढी रकम मौज्दात रहेको छ। भक्तजनले दान गरेको भेटी रकम खर्च हुन नसक्दा स्थानीयस्तरमा समितिको चर्को आलोचना हुने गरेको थियो । यसैगरी मुक्तिनाथ मन्दिरमा दिनहुँ सयौं भक्तजनहरूले दर्शन गर्ने भए पनि मन्दिर क्षेत्रमा भक्तजनमैत्री पूर्वाधार नहुँदा मुक्तिनाथमा दर्शन गर्ने दर्शनार्थी भक्तजनलाई निकै समस्या र चुनौती हुने गरेको थियो । समितिका व्यवस्थापक भुसालले पुरातत्वमा पेस गरिएका योजना स्वीकृत भएमा समितिको कोषबाट खर्च हुने गरी भक्तजनमैत्री पूर्वाधार निर्माणको बाटो खुला हुने बताउनुभयो ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी


डा. विनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि


डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिवार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि


डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७९५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# बढ्यो पेट्रोलियम पदार्थको मूल्य

अमेरिका इजरायल  - इरान युद्धका कारण नेपाल जस्ता मुलुकहरु पेट्रोलियम पदार्थ र ग्याँसको अभाव झेल्नुपर्ने अवस्था नेपालमा सबैभन्दा धेरै उपभोक्ताहरूले ग्यास अभाव, लामो प्रतीक्षा र महँगो मूल्यको सामना गरिरहेका छन् । यो संकटले नेपाली भान्सामा गम्भीर असर पारेको छ । अब पेट्रोलियम पदार्थको मूल्यबृद्धीले यातायातका साधनले मूल्य बढाउन पाउनेछन।सवारी गर्दा भाडा बृद्धीले धेरैलाई असहज  बनाउने निश्चित छ ।

पेट्रोलियम पदार्थको विकल्पमा विद्युत प्रयोग गर्न सकिन्छ । यस्तै खाना पकाउन विद्युतीय चुल्हो प्रयोग गर्न सकिन्छ। पेट्रोलियम पदार्थको विकल्पमा विद्युतको प्रयोगले आयात घट्ने र वैदेशिक व्यापारसमेत कम हुने देखिएको छ । तर विद्यमान पूर्वाधार अभावले गर्दा यसको पूर्ण कार्यान्वयन चुनौतीपूर्ण रहेको छ । नेपालमा बढ्दो ऊर्जा संकटलाई टार्न र परनिर्भरता घटाउन विद्युत् उत्पादनमा लगानी बढाउनुका साथै यसको वितरण र प्रसारण पूर्वाधारमा व्यापक सुधार गर्नु अपरिहार्य छ । यसका लागि सरकारले स्पष्ट र दीर्घकालीन ऊर्जा नीति निर्माण गरी कार्यान्वयनमा ल्याउनु आवश्यक छ ।

नेपालमा आयातको ठुलो हिस्सा पेट्रोलियम पदार्थ (डिजेल, पेट्रोल, एलपी ग्यासलगाय) ले ओगटेको देखिन्छ । आर्थिक वर्ष २०८१/८२ मा १८ खर्ब ४ अर्ब १२ करोड रुपैयाँको कुल आयातमा ३ खर्ब २६ अर्ब १४ करोड रुपैयाँको पेट्रोलियम पदार्थ छ। अर्थात् कुल आयातको १६.८१ प्रतिशत हिस्सा पेट्रोलियम पदार्थले ओगटेको छ । पछिल्लो पटक मूल्य वृद्धि गरेको ११ दिन नबित्दै निगमले बुधबार मध्यरातदेखि लागू हुने गरी डिजेल/मट्टितेल र पेट्रोलको मूल्यमा प्रतिलिटर १५ रुपैयाँ वृद्धि गरेको छ ।

सअघि निगमले यही चैत १ गते पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको थियो । पेट्रोलियम संकटको समाधानका लागि विद्युत प्रयोगलाई एउटा महत्वपूर्ण विकल्प मानिन्छ । यद्यपि, नेपालमा विद्युत् उत्पादनको अवस्था र यसको वितरण पूर्वाधार क्षमताले यो विकल्प तत्कालै लागु गर्नुपर्ने हुन्छ ।


HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Pli 1610014608 | प्रजिला खवास | फलेवास-१, पर्वत |
| २ | Hli40170000144 | सुस्मा गुरुङ | अन्नपुर्ण-७, कास्की |


# तपाईको आज

| | | | |
|---|---|---|---|
| **मेष** | : शुभ यात्रा | **तुला** | : सत्कार मिल्नेछ |
| **वृष** | : स्वास्थ्यमा सुधार | **वृश्चिक** | : अप्रत्यसित लाभ |
| **मिथुन** | : आर्थिक समस्या | **धनु** | : शारीरिक झमेला |
| **कर्कट** | : शत्रुको भय | **मकर** | : मानसिक तनाब |
| **सिंह** | : सहयोग मिल्नेछ | **कुम्भ** | : ब्यापारमा लाभ |
| **कन्या** | : कार्यमा सफलता | **मीन** | : झमेला बढ्ने |


**हरिसिद्दि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चौध वर्षमुनिका २७ जनामा क्षयरोग

**रासस**
चितवन, ११ चैत

चालु आर्थिक वर्षमा जिल्लामा ६२३ जना क्षयरोगबाट पीडित भएका पाइएको छ । नियमित परीक्षणका क्रममा जिल्लामा पहिचान भएका क्षयरोगीमध्ये २७ जना १४ वर्षमुनिका बालबालिका छन् । तीमध्ये चार जना चार वर्षमुनिका छन् ।

जनस्वास्थ्य कार्यालयका क्षयकुष्ठ अधिकृत जयराम दुवाडीका अनुसार साउनयता पाँच हजार ३८२ जनाको परीक्षण गरिएकामा उनीहरूमा यो रोगको सङ्क्रमण देखिएको हो । जसमध्ये २८७ जनामा नसर्ने र ३३६ जना सर्ने खालको क्षयरोग भएको भेटिएको छ । सङ्क्रमितमध्ये सात जनालाई औषधिले काम नगर्ने खालको क्षयरोग भेटिएको छ ।

सङ्क्रमितहरूले जिल्लाका १०७ वटा औषधि वितरण गर्ने संस्थाबाट नियमित औषधि सेवन गर्दै आएका छन् । क्षयरोग प्रमाणित गर्नका लागि जिल्लामा २८ वटा 'माइक्रोस्कोप' र चारवटा 'जिन एक्स्पर्ट' गर्ने संस्था छन् । माइक्रोस्कोपबाट तीन हजार ८१ जनाको परीक्षण गरिएकामा १४३ जनामा सङ्क्रमित भेटिएको थियो । यस्तै जिन एक्स्पर्टबाट दुई हजार ३०१ जनाको परीक्षण गर्दा ३०७ जनामा क्षयरोग सङ्क्रमित देखिएको उहाँले बताउनुभयो । जिल्लामा भेटिएका सङ्क्रमितमध्ये २३५ महिला र ३८८ जना पुरुष रहेका छन् । गत आर्थिक वर्षमा एक हजार ८९ जनामा क्षयरोगको सङ्क्रमण भेटिएको थियो । सङ्क्रमितमध्ये २२ जनाको क्षयरोगका कारण मृत्यु भएको थियो । गत वर्ष १३ हजार १०७ जनाको परीक्षण गरिएको थियो । यो रोग माइक्रोब्याक्टेरियम ट्युबर कुलोसिस नामक ब्याक्टेरियाको सङ्क्रमणका कारण हुने रोग हो । रोग लागेको सुरुआती अवस्थामा थोरै काम गर्दा पनि थकान महसुस हुने गर्छ, कमजोरी महसुस हुन थाल्छ । मानिसहरूले यस्ता लक्षणलाई गम्भीरतापूर्वक लिँदैनन्, जसकारण विस्तारै क्षयरोगको ब्याक्टेरियाले सङ्क्रमण भई गम्भीर समस्या निम्त्याउने उहाँले बताउनुभयो । रुघाखोकी लाग्नु, ज्वरो आउनु क्षयरोगको प्रारम्भिक लक्षण हो । सामान्यतया यस्ता समस्या पाँच दिनभित्रमा ठिक पनि हुन्छन् । तर, लगातार रुघाखोकी लागिरह्यो, ज्वरो कम भएन, दुई हप्तासम्म पनि खोकी रहिरह्यो भने तुरुन्तै चिकित्सककहाँ जानुपर्छ । यो रोग लागेमा सूर्ति मिसाएर बनेका कुनै पनि पदार्थ सेवन नगर्ने, सुरु गरेको भए तुरुन्तै छाड्ने गर्नुपर्छ । अधिक मदिरा, लागुपदार्थ वा औषधि सेवन गर्न नहुने उहाँले जानकारी दिनुभयो । स्वास्थ्यकर्मीको परामर्श लिई नियमित रूपमा पूरा समय (छदेखि आठ महिना)सम्म निःशुल्क प्राप्त हुने औषधि सेवन गर्ने, औषधि सेवन गर्न सुरु गरेपछि स्वास्थ्यकर्मीको सल्लाहअनुसार समय-समयमा परीक्षण गर्न उहाँ सुझाउनुहुन्छ ।

# बागलुङमा नौ महिनामा १८ क्षयरोगीको मृत्यु

**रासस**
काठमाडौं, ११ चैत

बागलुङमा चालु आर्थिक वर्षको नौ महिनामा १८ जना क्षयरोगीको मृत्यु भएको छ ।

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङले सङ्क्रमित व्यक्तिले समयमा उपचार नगर्दा समुदायमा सङ्क्रमण फैलिएसँगै मृत्युदर पनि बढ्को जनाएको छ ।

गत वर्ष २६४ जना सङ्क्रमति हुँदा १९ जनाको मृत्यु भएको जनस्वास्थ्य कार्यालयका क्षयरोग निरीक्षक देवप्रकाश घिमिरेले जानकारी दिनुभयो । यसवर्ष १४४ सङ्क्रमित हुँदा हालसम्म अठार जनाले ज्यान गुमाएका हुन् । घिमिरेका अनुसार मृत्यु हुनेमा सबैभन्दा बढी गलकोट नगरपालिकाका छन् । गलकोटमा आठ जना संक्रमितको मृत्यु भएको छ । बडिगाड गाउँपालिकामा पाँच, ढोरपाटन नगरपालिकामा दुई, निसीखोला, काठेखोलागाउँपालिकारबागलुङ नगरपालिकाका एक/एकजना रहेको उहाँले जानकारी दिनुभयो ।

प्रदेश जनस्वास्थ्य कार्यालयले परीक्षणको दायरा बढाउँदै जाँदा सङ्क्रमित फेला पर्न थालेको घिमिरेले बताउनुभयो । विकट बस्तीसम्म क्षयरोगसम्बन्धी जनचेतना नपुग्दा सङ्क्रमक्रण न्यूनीकरण गर्न समस्या भएको उहाँको भनाइ छ ।

# महिला टी-२० क्रिकेट : भारतको दून हेरिटेज विजयी

**रासस**
काठमाडौं, ११ चैत

भद्रपुरको मेची बहुमुखी क्याम्पसको क्रिकेट मैदानमा आजदेखि नेपाल-भारत मैत्रीपूर्ण महिला टी-२० क्रिकेटप्रतियोगिता सुरु भएको छ ।

नेपाल-भारतमैत्री सङ्घ कोशी प्रदेश समितिको आयोजनामा भएको प्रतियोगिताको पहिलो खेल नेपालको मिलन क्रिकेट क्लब झापा र भारतको दून हेरिटेज सिलिगुडीबीच भएको थियो ।

जसमा दून हेरिटेज सिलिगुडी विजयी भएको छ । टस जितेर पहिलो ब्याटिङ रोजेको सिलिगुडीले मौसमका कारण १२ ओभरमा सीमित गरिएको खेलमा ४ विकेट गुमाउँदै ६४ रनको मध्यम योगफल तयार गरेको थियो । त्यसमा ह्याप्पी सरकारले ३८ रनको योगदान गर्नुभएको थियो । जवाफमा मिलन क्रिकेट क्लबले निर्धारित ८ विकेट गुमाउँदै ५३ रन मात्र बनायो । विजयी टोलीबाट सर्वाधिक रन बनाउने ह्याप्पी सरकारले खेलको म्यान अफ द म्याचको पुरस्कार पाउनु भएको थियो ।

बिहीबार भारतको अर्को टोली अल्पाइन स्पोर्टिङ क्लब सिक्किम र आजको विजेता सिलिगुडीबीच हुनेछ । फाइनल खेल शनिबार हुने जनाइएको छ ।

क्रिक्रेटको माध्यमबाट नेपाल-भारतका महिला क्रिकेट खेलाडीलाई परिचित गराउने र आपसी सम्बन्धलाई प्रगाढ बनाउने उद्देश्यले पहिलो पटक मैत्रीपूर्ण प्रतियोगिता आयोजना गरिएको नेपाल-भारत मैत्री सङ्घ झापा अध्यक्ष प्रदीपमणि रेग्मीले बताउनुभयो ।

# बेनी-जोमसोम सडकको सिरुबारीमा पहिरो रोक्न 'बेञ्चिङ' विधि

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ चैत

भारत र चीन जोड्ने कालीगण्डकी कोरिडोरको बेनी-जोमसोम-कोरला सडकअन्तर्गत म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ सिरुबारीमा 'बेञ्चिङ' विधिबाट पहिरो रोकथाम थालिएको छ । भिरालो जमिनमा सिँढी जस्तो तहको ढाँचारमा स्थिर बनाएर पहिरो नियन्त्रण गर्ने विधिलाई प्राविधिक भाषामा 'बेञ्चिङ' भनिन्छ ।

बेनी-जोमसोम-कोरला सडक आयोजनाले सिरुबारीमा वर्खायाममा पहिरो खसेर सडक अवरुद्ध हुने समस्याको अस्थायी समाधनका लागि अल्पकालीन रुपमा कम खर्चमा पहिरो रोकथाम गर्न सकिने उक्त विधि अपनाएको हो । आयोजना प्रमुख तेजस्वी शर्माले अस्थायी रुपमा सिरुबारीको पहिरो रोकथाम गरेर आगामी वर्खामा बेनी-जोमसोम-कोरला सडकमा नियमित यातायात सञ्चालन गरिने जानकारी दिनुभयो । "सिरुबारीको ३०० मिटर दुरीको पहिरोको दीर्घकालीन समाधानका लागि आवश्यक रु ६० करोड बजेटको स्रोत सुनिश्चितता हुन नसकेपछि आयोजनाले आन्तरिक स्रोतबाट अस्थायी रुपमा पहिरो रोकथाम सिरु गरेको हो", उहाँले भन्नुभयो, "भिरालो पाखाको पहिरोलाई सिधैँ सडकमा खस्न नदिनका लागि डोजर परिचालन गरेर काम थालिएको छ ।" सिरुबारीमा सडकदेखि एक किलोमिटर माथिसम्मको जमिन पहिरोमा परिणत भएको छ। सडकभन्दा तल कालीगण्डकी नदी छ । पछिल्लो तीन वर्षयता वर्खायाममा सिरुबारीको सडकमाथिबाट पहिरो खसेर दैनिक जसो बेनी-जोमसोम सडक अवरुद्ध हुने गरेको छ ।

सडक अवरुद्ध हुँदा कोरला नाकाबाट नेपाली बजारमा सामान ल्याएर आउने कन्टेनर, मुस्ताङ जाने आउने पर्यटक, तीर्थयात्री र स्थानीयहरु बीच बाटोमै रोकिएर अलपत्र पर्ने समस्या छ । बेनी-जोमसोम सडकको अन्य ठाउँका ठूला पहिरो नियन्त्रणका लागि काम थालिए पनि सबैभन्दा ठूलो सिरुबारीको पहिरो रोकथामका लागि बजेट अभावमा काम हुन सकेको थिएन ।

सडकभन्दा माथि बीच भागमा दुई ठाउँमा डोजरले सम्माएर पहिरोलाई सिधैँ खस्न नपाउने गरी सम्माइएको छ । करिब १७ मिटर फराकिलो पारिने सडकको डिलतर्फ सात मिटर छाडेर कुनातर्फको १० मिटरमा पर्खाल लगाएर पहिरो थुप्रिने ठाउँ बनाइने आयोजना प्रमुख शर्माले बताउनुभयो ।

# यातायात क्षेत्रमा भाडा समायोजन गर्न व्यवसायीको माग

**रासस**
काठमाडौं, ११ चैत

देशभरका यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले यातायात क्षेत्रमा भाडा समायोजन गर्न माग गरेको छ ।

महासङ्घका महासचिव डेकनाथ गौतमले आज एक विज्ञप्ति जारी गरी डिजेल, पेट्रोललगायतका इन्धनमा मूल्यवृद्धि भएकाले सार्वजनिक यातायात सञ्चालनमा कठिनाइ भएको भन्दै भाडा समायोजन गर्न माग गर्नुभएको हो । गत चैत २ गते डिजेलमा प्रतिलिटर रु १० र पेट्रोलमा प्रतिलिटर रु १५ बढेपछि महासङ्घले यातायात व्यवस्था विभागलाई ध्यानाकर्षण गराई भाडा समायोजन गर्न माग गरेको थियो ।

यातायात व्यवस्था विभागले विसं २०६५ देखि बनेको वैज्ञानिक भाडा समायोजन विधिअनुसार १३ वटा सूचकका आधारमा भाडा समायोजनका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पत्राचार गरे पनि भाडा समायोजन हुन नसकेको व्यवसायीले गुनासो गरेका छन् । विभागले यात्रुवाहकतर्फ ११.३३ प्रतिशत, मालवाहकतर्फ तराईमा ८.८१ प्रतिशत र पहाडमा १४.२९ प्रतिशत भाडा समायोजन गर्न मन्त्रालयलाई पत्राचार गरे पनि मन्त्रालयले भने भाडा समायोजन नगर्दा व्यवसायीहरु मर्कामा परेको महाङ्घका कार्यवाहक अध्यक्ष सरोज सिटौलाले बताउनुभयो ।

महासङ्घले अब धेरै दिन घाटामा व्यवसाय सञ्चालन गर्न नसकिने र सेवा बन्द गर्नुपर्ने वा विभागबाट भाडा समायोजन गर्न सिफारिस भएबमोजिम भाडा स्वघोषणा गरी लिने विकल्प अपनाउनुपर्ने बताएको छ ।

महासचिव गौतमले भाडा समायोजन नभए वैज्ञानिक विधिअनुसार भाडा समायोजन गर्न यातायात व्यवस्था विभागबाट सिफारिस भएअनुसारको भाडा लिइ सेवा सञ्चालन गर्न देशभरका यातायात व्यवसायीलाई अनुरोध गर्नेसमेत बताउनुभयो ।


# कर्जा बुझाउने बारे ३५ दिने सूचना

प्रकाशित मिति २०८२/१२/१२ गते (पोखरापत्र राष्ट्रिय दैनिक)

यस मोदी बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् हर्जाना व्याज समयभित्र नतिरी, नबुझाई संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा पत्रिका मार्फत सार्वजनिक सूचना प्रकाशित गरि जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरीएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको फोटो | ऋणी सदस्यको विवरण | धन जवानी |
|---|---|---|---|
| १. |  | **नाम थरः थम बहादुर कामी**<br>ना. प्र. प. नं.: १५७, कास्की<br>साविकः दाडसिङ-३, कास्की<br>हाल ठेगानाः अन्नपूर्ण -५, कास्की<br>सदस्यता नं.: ०२६४ | १. पिमला वि.क.<br>ना.प्र.प.नं. ४६-०१-७३-०३००६<br>साविकः दाडसिङ-३, कास्की<br>हाल ठेगानाः अन्नपूर्ण-५, कास्की<br>२. मिना कुमारी कामी<br>ना.प्र.प.नं. १४७३६२<br>साविकः दाडसिङ-३, कास्की<br>हाल ठेगानाः अन्नपूर्ण-५, कास्की<br>३. कमला जैसी<br>ना.प्र.नं. ४६३०४४/१०७<br>साविकः दाडसिङ-५, कास्की<br>हाल ठेगानाः अन्नपूर्ण-५, कास्की |
| | | **वितो विवरणः**<br>**थम बहादुर कामी**को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको सल्यान-९ नयाँपुल सीट नं. ६२३ क कित्ता नं. २०८० को क्षेत्रफल ०४-२-० को जग्गा । | |

**मोदी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
अन्नपूर्ण–५, नयाँपुल, कास्की
फोन नं.: ०६१–५०२०५३

# प्रतिभा मावि र शान्ति निकेतनको सहकार्य, संस्कृत र चिनियाँ भाषा पढाइने

पोखरापत्र संवाददाता
पोखरा, ११ चैत

पोखरा वडा नं. ५ स्थित शान्ति निकेतन स्कूलले नयाँ सुविधासम्पन्न भवनबाट ११ र १२ कक्षा सञ्चालनमा ल्याउने भएको छ। आगामी शैक्षिक सत्र २०८३ देखि नयाँ व्यवस्थापनका साथ पठनपाठनको बारेमा तथा विद्यालयको भावी योजनाबारे जानकारी गराउन बुधबार आयोजित पत्रकार सम्मेलनमा स्कूलले यसबारे जानकारी गराएको हो।

संस्थापक एवं प्राचार्य डा. महेश्वर पराजुलीले पोखराको अर्को उत्कृष्ट विद्यालय प्रतिभा माविसँग सहकार्य गरिएको पनि खुलासा गरे। 'प्रतिभा र शान्ति निकेतन आ-आफ्नै मोडालिटीमा चलिरहेको छ। अब पनि यसै अनुसार चल्ने हो। गुणस्तरीय शिक्षाका हेतु हामी व्यवस्थापकीय र शैक्षिक पक्षमा सहकार्य गर्दै अघि बढ्ने निर्णय गरेका हौँ। सहलगानीदेखि दुई विद्यालयका शिक्षक अनुभव आदानप्रदान तथा सहकार्य गरिनेछ।' डा. पराजुलीले भने।

पत्रकार सम्मेलनमा उपस्थित भएका प्रतिभा मावि सञ्चालक समिति अध्यक्ष नारायण पौडेलले उत्कृष्ट नतिजा ल्याइरहेको शान्ति निकेतनसँग सहकार्य गरी अघि बढ्न लागेको जानकारी दिए। 'दुई विद्यालय एकआपसमन गाभिने बुझ्नु हुँदैन। लगानीदेखि शैक्षिक सञ्चालनमा दुई पक्षको सहकार्य हो। अब हामी आफैमा प्रतिष्पर्धा गर्दै, निखारिँदै, गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्यमा अघि बढ्ने हो।' पौडेलले भने। २०६२ सालमा स्थापित स्कूलले २० वर्षे शैक्षिक यात्रामा गर्व गर्न लायक उपलब्धि हासिल गरिसकेको प्राचार्य पराजुलीले जानकारी दिए। 'स्थानीय र राष्ट्रिय परीक्षाको नतिजा विश्लेषणमा पटक पटक सर्वोत्कृष्ट विद्यालय भई पुरस्कृत भइसकेको छ। एसइई परीक्षामा पटक पटक जिल्लामा उत्कृष्ट स्थानसहित ४ जिपिए हासिल गर्ने विद्यार्थीसमेत शान्ति निकेतनले उत्पादन गरिरहेको छ।' डा. पराजुलीले भने।



एकलधारामार्गमा अवस्थित यो विद्यालय अब १५ करोड लागतमा अत्याधुनिक सुविधासम्पन्न भवन बनाएर धारापानी मार्गमा विस्तार गर्न लागेको स्कूलले जनाएको छ। करीब ६० करोड बजार मूल्य बराबरको जग्गामा १५ करोड लगानी गरी एक वर्षभित्रै द्रुतगतिमा निर्माण कार्य अघि बढाएर विद्यालय भवन सम्पन्नको अन्तिम चरणमा रहेको प्राचार्य पराजुलीले बताए।

अत्याधुनिक प्रविधियुक्त भवन अपाङ्गता मैत्री बनेको स्कूलले जनाएको छ। बालबालिकाहरूका लागि लिफ्टको व्यवस्थाका साथै अण्डरग्राउण्ड पार्किङस्थल, बास्केटबल कोर्ट, फुटसल, क्रिकेट प्राक्टिस नेट, स्वच्छ एवं स्वस्थ क्यान्टीन, अतिरिक्त क्रियाकलापका लागि ३ सय जना क्षमताको श्रव्य दृश्य कक्ष, अत्याधुनिक आइसीटी ल्याब, साइन्स ल्याब, लाइब्रेरी लगायतका सुविधाहरू थप गरी शिक्षण पद्धत्ति अनुसन्धानमूलक र खोज विधिमा आधारित बनाइने विद्यालयले जनाएको छ। स्मार्ट क्लास रूम, विभिन्न डिजिटल उपकरण, कम्प्युटर ल्याब, साइन्स ल्याब, वर्ल्ड क्लास डिजिटल लाइब्रेरी, इन्फर्मेसन टेक्नोलोजीका माध्यमबाट शिक्षण सिकाइ हुने प्राचार्य पराजुलीले बताए। आगामी शैक्षिक सत्रदेखि विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि खेलकुद नेतृत्व विकासका साथै नृत्य, कला, सङ्गीत, नाटक, योगा, चिनियाँ र संस्कृत भाषाका कक्षालाई थप प्रभावकारी बनाउँदै विद्यालयलाई डिजी स्कुलका रूपमा विकास गरिने उनले बताए। निकट भविष्यमा प्राविधिक धारमा स्नातक तहका कथाहरू सञ्चालन गर्ने लक्ष्य राखिएको र यसका लागि अन्तर्राष्ट्रिय ख्याति प्राप्त शैक्षिक संस्थाहरूसँग सहकार्य गर्दै अगाडि बढ्ने योजना रहेको स्कूलले जनाएको छ। शान्ति निकेतन स्कूल आफ्नो गौरवमय इतिहास र विरासतलाई निरन्तरता दिँदै समावेशी, समतामूलक समाज निर्माणमा विद्यार्थी केन्द्रित शिक्षा प्रणालीमा विश्वास राख्ने उनको भनाई छ। अत्याधुनिक भौतिक संरचनाभित्र रहेर नवीनतम् प्रविधिको प्रयोगमा जोड दिँदै अघि बढ्ने क्रममा पाठ्यक्रम र परीक्षा आधारित शिक्षामा मात्र केन्द्रित नरहने प्राचार्य पराजुलीको भनाई छ। 'पछिल्लो समयमा हराउँदै गएको मानवता र नैतिकता बढाउन परोपकार र संस्कारजन्य विषयवस्तुहरूमा विद्यार्थीहरूलाई जागृत गराउने हाम्रो लक्ष्य रहेको छ। विद्यार्थीलाई जीवनका विभिन्न पक्षमा सक्षम बनाउने हाम्रो मूलभूत उद्देश्य रहनेछ। विश्व बजारमा सबल, सक्षम र भविष्यमा पेशागत हिसाबले प्रतिस्पर्धी नागरिक उत्पादन गर्न मुख्य ध्येय रहनेछ।' उनले भने।

शान्ति निकेतन सञ्चालक समितिका अध्यक्ष कृष्णमणि भुर्त्यालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सल्लाहकार पुरूषोत्तम पराजुलीले गरेका थिए।

# बजेट अभावमा म्याग्दीका बहुवर्षीय सडक आयोजना प्रभावित

पोखरापत्र संवाददाता
म्याग्दी, ११ चैत

बजेट अभावका कारण गण्डकी प्रदेश सरकारमार्फत जिल्लामा सञ्चालित रणनीतिक महत्वका बहुवर्षीय सडक आयोजनाहरूको निर्माण प्रभावित बनेको छ।

पूर्वाधार विकास कार्यालयलाई प्रदेश सरकारले बहुवर्षीय आयोजनाका लागि विनियोजन गरेको बजेट सकिएपछि व्यवसायीले भुक्तानी पाएका छैनन्। कार्यालयका अनुसार म्याग्दीमा चालु आर्थिक वर्षका सडक पूर्वाधारसम्बन्धी ३२ योजनाका लागि रु ६२ करोड विनियोजन भएको थियो। बेनी-पाखापानी सडकको भुतादैला-तोरीपानी खण्डको चार किलोमिटर दूरीमा कालोपत्र र ग्राभेल गर्ने कार्य लक्ष्यभन्दा पाँच महिनाअघिनै सम्पन्न भए पनि बजेट अभावमा भुक्तानी नपाउँदा समस्या भएको निर्माण व्यवसायी सुवासचन्द्र कार्कीले बताउनुभयो। रु दुई करोड बजेट विनियोजन भएको यो योजनाका लागि थप रु दुई करोड ५० लाख बजेट अपुग भएको छ। गलेश्वर-पुलाश्रम (पछै)- जगन्नाथ जोड्ने सडक आयोजनाका निर्माण व्यवसायी भीम सापकोटाले पनि लक्ष्यभन्दा पाँच महिनाअघिनै योजना सम्पन्न गरे पनि बजेट अभावका कारण ऋण खोजेर मजदुरको ज्याला र आपूर्तिकर्तालाई भुक्तानी दिनुपरेको गुनासो गर्नुभयो। हाडेभिर-बगरफाँट-भकिम्ली र भगवती-सिजलगाउँ-बेग सडक योजनाका निर्माण व्यवसायी नीरज भण्डारीले बजेट सकिएपछि निर्माण कार्य स्थगित गरेको बताउनुभयो।

क्रमागत १७ वटा योजनाका लागि रु ५२ करोड र नयाँ १५ वटा योजनाका लागि रु १० करोड बजेट प्राप्त भएको थियो। सङ्घीय र प्रदेश सरकारको लागत साझेदारीमा गत वर्ष ठेक्का सम्झौता र यस वर्ष रु २३ करोड २२ लाख बजेट बिनियोजन भएको दरवाङ-ताकम-शिवाङ-मुना-जलजला-ढोरपाटनबाहेक धेरैजसो सडकमा बजेट अभाव भएको पूर्वाधार विकास कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर डा महेन्द्र बानियाँले बताउनुभयो। "सालबसाली योजनाहरूको ठेक्का प्रतिस्पर्धाको क्रममा घटेको करिब डेढ करोड आन्तरिक रकमान्तर र थप रु आठ करोड ४५ लाख रकमान्तरका लागि मन्त्रालयमा सिफारिस गरेका छौँ", उहाँले भन्नुभयो, "बजेट भएका योजनामा काम नहुँदा खर्च गर्न सकिएको छैन, काम भएका योजनाको बजेट सकिएपछि व्यवसायीलाई काममा लगाउन समस्या भएको छ।" बेनी-दरवाङ-कल्लेनी-ताकम-मुना-जलजला, दरवाङ-अदिभारा-डाडागाउँ-सोले-तमान-बुर्तीवाङ, पखेर बरङ्जा ३ र ४ हुँदै महेश धापुङ ताराखोला गापा जोड्ने सडक, दरवाङ- मुना- ढोरपाटन, दरवाङ-बिम-दिच्याम, दरखोला सडक पुल, शिवरात्रि खोला सडक पुल, रुमदेखि ताराखोला जोड्ने सडक, दाङखोला पुल र साँवता थापाचौर झोलुङ्गे पुल निर्वाचन क्षेत्र १(२) का क्रमागत बहुवर्षीय योजनाहरू हुन्। निर्वाचन क्षेत्र १(क) मा बेनी-तोरीपानी, हाँडेभिर-बगरफाँट-दूधेखोला-हल्लेगौडा- डोलेमुसुङ, गलेश्वर-पिप्ले - भगवति, गलेश्वर-पुलाश्रम, चित्रे- घोडेपानी, भगवति-सिजलगाउँ-बेग जोड्ने क्रमागत बहुवर्षीय सडक निर्माणाधीन छन्। रु एक/एक करोड बजेट विनियोजन भएको बिम-मराङ-मल्कवाङ-पाखापानी, जैसीखोर-खहरेखोला-रिसिन चौतारी हुँदै बैसरी सडक स्तरोन्नति योजनाको बहुवर्षीय ठेक्का आह्वान भएको छ। रु एक करोड बजेट विनियोजन भएको फापरखेत पहिरोको वैकल्पिक मार्गमा पर्ने म्याग्दीखोलामा बेलिब्रिज निर्माणका लागि बहुवर्षीय ठेक्का आह्वान गर्न स्रोत सुनिश्चितता भएको छ।

जिल्लाका प्रदेशसभा सदस्यद्वय रेशमबहादुर जुग्जाली र हरिबहादुर भण्डारीले बजेट अभावमा सडकको निर्माण अवधि लम्बिने अवस्था देखिएको विषयमा प्रदेश सरकार र विभागीयमन्त्रीको ध्यानाकर्षण गराएको बताउनुभयो। अपुग बजेट रकमान्तरण गरेर काम गरेका व्यवसायीलाई भुक्तानीको व्यवस्था मिलाउन सरकारसँग पहल गरिरहेको उहाँहरूले बताउनुभयो।

# चैते दसैँमा कालिका मन्दिरमा भक्तजनको भीड

पोखरापत्र संवाददाता
बागलुङ, ११ चैत

गण्डकी प्रदेशको प्रसिद्ध शक्तिपीठ बागलुङ कालिका मन्दिरमा भक्तजनको भीड बढेको छ। चैते दसैँको नवदुर्गा सुरु भएयता क्रमश मन्दिरमा दर्शन गर्न आउनेको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ। मङ्गलबार चैते दसैँ मेला पनि सुरु भएको छ।

कालिका मन्दिरमा वडा दसैँको तुलनामा चैते दसैँमा बढी भक्त आउने गरेको र यसपटक भक्तजनको सङ्ख्या बढी देखिएको कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष भूपेन्द्र खड्काले जानकारी दिनुभयो। शुक्रबारदेखि नवदुर्गा सुरु भएको र त्यस यत्रा नवमीसम्मै मन्दिरमा पूजा आजाका लागि आउने गरिएको छ। चैते दसैँमा अष्टमीलाई सबैभन्दा बढी उत्तम मानिन्छ। चैते दसैँको मुख्य दिन चैत १२ गते बिहीबार परेको छ।



तीन सय वर्षभन्दा पहिलेदेखि मन्दिर परिसरमा चैते दसैँको अवसरमा मेला लाग्दै आएको छ। यस मन्दिरमा गुठीले व्यवस्थापन गरेसँगै व्यापारिक स्टल, रमाइलो मेला लगायतका संरचना निर्माण गरेर मङ्गलबारबाट मेला आयोजना गरेको हो। देशभरबाट भक्तजन तथा आन्तरिक पर्यटक आउने क्रम जारी छ। मन्दिर परिसरमा लाग्ने मेलालाई विशेष पर्वका रूपमा लिने गरिन्छ। चैते दसैँको प्रतिपदादेखि राम नवमीसम्म करिब १० लाख भक्तजन आउने अनुमान गरिएको छ। यस अवसरमा विभिन्न गाउँ तथा जिल्लाबाट आउने भक्तजनका लागि मेला, स्टल र आवासको व्यवस्था मिलाइएको छ। मेलाका अवसरमा कालिका कप खुला पुरुष तथा महिला भलिबल प्रतियोगिता तथा छेलो प्रतियोगिता आयोजना गरिएको छ। मेलामा सांस्कृतिक कार्यक्रमसमेत हुनेछ। मेलामा गाउँबाट किसानहरूले वर्षभरि तयार पारेका काठ, ठेका, बाँसुरी र बाँस र निगालोका सामग्री बिक्रीका लागि ल्याउने गरेका छन्। मन्दिरमा विसं १५९१ देखि यस मन्दिरमा पूजा हुँदै आएको छ। किंवदन्तीअनुसार पर्वतका राजा प्रतापी नारायण मल्लले पाल्पाका राजा मणिमुकुन्द सेनकी राजकुमारी विश्वदेवीसँग विवाह गर्दा कालिका देवीलाई साथमा ल्याई यहाँ स्थापना गराएको विश्वास गरिन्छ।

# बन्दीपुरबाट अवैध नदीजन्य पदार्थसहित सवारीसाधन नियन्त्रणमा

रासस
दमौली, ११ चैत

तनहुँमा अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन तथा ढुवानी भइरहेको अवस्थामा प्रहरीले तीन वटा सवारीसाधन नियन्त्रणमा लिएको छ।

इलाका प्रहरी कार्यालय साराङघाटबाट खटिएको प्रहरी टोलीले बन्दीपुर गाउँपालिका-६ बगरखोला क्षेत्रमा अवैध रूपमा गिट्टी 'लोड' गरिरहेको अवस्थामा आज सवारीसाधन नियन्त्रणमा लिएको हो।

नियन्त्रणमा लिइएका सवारीसाधनमा लु१क ३२४१ नम्बरको जेसिबी, ग१क ५४४२ नम्बरको टिपर र ग१ख ७४३६ नम्बरको टिपर रहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो।

उक्त सवारीसाधनलाई आवश्यक कारबाहीका लागि बन्दीपुर गाउँपालिकाको कार्यालय पठाइएको उहाँले बताउनुभयो। प्रहरीले अवैध उत्खनन तथा ढुवानी नियन्त्रण गर्न अनुगमनलाई थप कडाइ गरिनेसमेत जनाएको छ।


## सच्चाईएको

श्री राजपुर मा.वि. तनहूँको यहि मिति २०८२ फागुन २९ गते पेज नं. ३ मा प्रकाशित कर्मचारी आवश्यकताको विज्ञापनमा दरखास्त पेस गर्ने मिति २०८२/१२/१२ गते सूचना प्रकाशित मितिले १५ दिनभित्र हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्चाइएको छ।



त्रिभुवन विश्वविद्यालय
## वन विज्ञान अध्ययन संस्थान
पोखरा क्याम्पस, पोखरा

**मेस (क्यान्टिन) संचालन सम्बन्धी शीलबन्दी बोलपत्र आव्हानको सूचना ।**

यस क्याम्पस परिसर भित्र रहेको मेस (क्यान्टिन) ठेक्काबाट संचालन गर्नुपर्ने भएको हुँदा मेस संचालन गर्न ईच्छुक भ्याट वा प्यान दर्तावाला ठेकेदारहरुबाट मिति २०८२।१२।१९ गतेभित्र निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शीलबन्दी बोलपत्र आब्हान गरिन्छ ।

विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख



Tribhuvan University
## Institute of Forestry (IOF)
Pokhara Campus, Pokhara

**Invitation for Bids**

First Publication Date: 2082 Chaitra 11

**Supply and Delivery of 2WD Jeep**

1. Office of IOF, Pokhara Campus, Pokhara Kaski invites sealed bids from eligible bidders for the procurement of the following items:

| Description | Quantity | Estimated Cost (Including VAT and all other Taxes) |
|---|---|---|
| Five Door, Two wheel drive jeep, at least 7 seater, Four-cylinder Diesel Engine, more than 2100 CC, wheelbase above 2600mm, fuel tanks not less than 50 liters, and ground clearance minimum 180mm. | One | NRs. 6,600,000.00 |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at the Office of IOF, Pokhara Campus, Pokhara Kaski Tel: 061433766, Email: info@iofpc.edu.np
3. Bidding documents may be purchased from the above office by eligible bidders on the submission of a written application accompanied by a letter of Authority from suppliers to the address above, along with a copy of the company/firm registration certificate and Tax Clearance Certificate valid for F.Y. 2081/082, VAT/PAN Registration Certificate and upon payment of a non-refundable fee of NRs. 3,000/- deposited in the account (account name: Forestry Institute & account number 19200100579572000001) of Nepal Bank Limited, Prithvi Chowk Branch.
4. Sealed Bids must be submitted, including the deposit of 2.5% of the bid amount in the form of cash OR bank guarantee of any commercial bank to Office of IOF, Pokhara Campus, Pokhara-15, Kaski on or before 12:00 PM (Noon) on 2083 Baishak 10. Documents received after this deadline shall not be accepted.
5. Bids shall be opened in the presence of Bidders' representatives, who choose to attend at the address above at 2:00 PM on 2083 Baishak 11.
6. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case, the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. Bids should comply in all respects with the Instruction to Bidder included in the bid document. Noncompliance with this instruction shall result in disqualification.
8. The purchaser reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.
9. Details which are not mentioned in the notice are followed by the Public Procurement Act 2063 and the Public Procurement Regulation 2064.

Campus Chief